फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
बागमती प्रदेश,नेपाल

प.सं.२०७९/८०
च.नं.

## पशु सेवा तर्फको अनुदान सम्बन्धी सूचना।

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९/११/२६**

मन्थली नगरपालिकाको पशु सेवा तर्फको चालु आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बागमति प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम अनुसार **स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ बमोजिम** सम्पन्न गर्नु पर्ने भएको हुदा ५० प्रतिशत लागत साझेदारीमा तपसिलका कार्यक्रममा सहभागी हुन ईच्छुक मन्थली नगरपालिका वडा न.११ र १२ भित्रका **निजि ब्यवसायिक बाख्रा फार्म/बाख्रापालन कृषक समुह/समिति/पशुपालन सहकारीहरुका** लागि यो सूचना प्रकाशित भएको मितिले २१ दिन (२०७९/१२/१६) भित्र अनुसुची २ मा उल्लेखित कागजातहरु सहित आवेदन पत्र, अनुसुचि १ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र, अनुसुची ३ को (क) बमोजिमको प्राविधिक तथा आर्थिक प्रस्तावका साथै अन्य आवश्यक कागजातहरु सिलबन्दी खाममा संलग्न राखि मन्थली नगरपालिकाको पशु सेवा शाखामा वा सम्बन्धित वडा कार्यालयहरुमा प्रस्ताव पत्र पेश गर्नुहुन सूचित गरिन्छ।साथै रीत नपुगेका वा म्याद नाघि प्राप्त भएका प्रस्तावहरु तथा एकाघर परिवार भित्रका विगतका वर्षहरुमा सोही प्रकृतिका अनुदान प्राप्त गरेका लाभग्राहीहरुको प्रस्ताव पत्रहरु छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिल :

| क.स. | ५० प्रतिसत लागत साझेदारीमा सम्पन्न हुने कार्यक्रमहरु | कार्यालयको ५० प्रतिसत रकम रु. | आवेदन प्रस्ताब पेश गर्न सक्ने निकायहरु | कार्यक्रम सञ्चालन हुने वडाहरु |
|---|---|---|---|---|
| १ | बाख्रा पालन प्रबर्द्धन कार्यक्रम | १०,०००००। | व्यवसायीक बाख्रा फार्म/ बाख्रापालन कृषक समुह/समिति/ पशुपालन सहकारी | मन्थली नगरपालिकाको ११ र १२ न.वडाहरु |

१. निवेदन तथा संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा एवं अनुसूचीहरु यस मन्थली नगरपालिकाको वेबसाईटwww.manthalimun.gov.np बाट डाउनलोड गर्न र सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२. अनुसूची ३ (क) अनुसारको सक्षिप्त व्यवसायिक कार्ययोजना पेश गर्नु पर्ने छ ।

३. व्यवसायिक फार्म/ समुह/समिति/सहकारीको हकमा निर्णय प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

४. व्यवसायिक फार्म/ समुह/समिति/सहकारीहरु मन्थली न.पा. मा अनिर्वाय दर्ता र नविकरण गरेको हुनुपर्नेछ ।

५. जग्गा धनिपुर्जाको प्रतिलिपि, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि, जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि तथा जग्गाको लालपूर्जाको प्रतिलिपी कर चुक्ता तथा प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि, बैदेशिक रोजगारबाट फर्केका व्यक्तिको हकमा प्रमाण खुल्ने कागज, शैक्षिक योग्यता तथा तालिमका प्रमाण पत्रको प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस र रु १०-। को टिकट सहित खामबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

६.अन्य थप जानकारीको लागिमन्थली नगरपालिका, पशु सेवा शाखा मन्थली रामेछाप वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

अनुसूची-२

(दफा ८ सँग सम्वन्धित)

**आवेदन पत्र**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति :......................

मन्थली नगरपालिकाको कार्यालय,

मन्थली रामेछाप ।

**बिषय : अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।**

महोदय,

प्रस्तुत बिषयमा मिति ..................... गते..................... प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम................................................................. कार्यक्रममा सहभागि हुने चाहाना भएकोले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु । अनुदान सहयोग भएमा शर्त अनुसार सम्वन्धित नगरपालिका भित्र रहि कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

१. रु १० को हुलाक टिकट ।

२. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

३. अनूसूची ३ (क) अनुसारको प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको संक्षिप्त व्यवसायिक कार्ययोजना

४.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

५.फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकाय तथा मन्थली नगरपालिकाको व्यवसाय ईजाजत पत्र दर्ता नविकरण भएको प्रमाणको प्रतिलिपी, स्थायी लेखा नम्बर, कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि, समुह समिति भए विधानको प्रतिलिपीहरु ।

६. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम,शैक्षीक योग्यता,अनुभव,जग्गा धनि पूर्जाको प्रतिलिपि,जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु ।

७. वैदेशिक रोजगारवाट फर्केका यूवाहरुको हकमा पासर्पोट प्रतिलिपीहरु ।

८. अनुसुचि १ वमोजिमको परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र ।

९.साझेदारी फार्म/समुह/समिति/सहकारीको हकमा वैठकको निर्णय प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने छ ।

आवेदकको

नामः

पद :

दस्तखत :

मिति :

संस्थाको छाप :

मुकुन्द कुमार खड्का
सहायक पशु विकास अधिकृत
(भेटेरिनरी)

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
नेपाल

अनुसूची-१

(दफा ५ सँग सम्वन्धित)

## प्रतिवद्धता पत्र

मिति :......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मन्थली नगरपालिकाको कार्यालय,
मन्थली रामेछाप ।

बिषय : **प्रतिवद्धता पत्र ।**

महोदय,

तहाँ कार्यालयको मिति......................गते......................को सूचना अनुसार.............................कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/ का छु / छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/ छौ । अन्यथा प्रचलित कानुन बमोजिम सहुला / बुझाउंला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु / छौ ।

<u>साझेदारको तर्फबाट</u>

नाम :

पद :

स्थानीय तहको नाम :

ठेगाना :

सर्म्पक नं. :

दस्तखत:

मिति :

संस्थाको छाप:

| दायां | बांया |
| --- | --- |
| | |

मुकुन्द कुमार खड्का
सहायक पशु विकास अधिकृत
(भेटेरिनरी)

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

# अनुसूची -३ (क)

## संक्षिप्त प्राविधिक तथा आर्थिक व्यावसायिक कार्ययोजना

(५० प्रतिसत लागत साझेदारी अनुदानमा बाखा पालन प्रवर्द्धन कार्यक्रम)

१. व्यवसायको परिचय :

२. उदेश्य :

३. बाखापालन व्यवसायको अनुभव :

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण :

५. व्यवसाय संचालनका लागि रहेका पूर्वाधारहरु :

६. सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु) | निजी लगानी (रु) | जम्मा लगानी (रु) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

*नोट* :सहकार्यमा बाखापालन गर्ने फर्म/समूह/समिति/सहकारीले न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ ।

७. उत्पादित वस्तुको वजार योजना :

८. अपेक्षित बार्षिक प्रतिफल :

९. माऊ बाखाको संख्या : .................. पाठा/पाठिको संख्या : .................. खसी बोकाको संख्या : ...........
प्रजननको बोकाको संख्या : ..............

<u>प्रस्ताव पेश गर्ने</u>

फार्म/समूह/समिति/सहकारीको नाम : सर्म्पक नम्वर :

ठेगाना : गाँउ/टोल : वडा नं.: गा.वि.स.: जिल्ला :

बाखा पालन गरिने स्थान :

<u>फार्म/समुह/समिति/सहकारीको तर्फ बाट सहि गर्नेको</u>

नाम : संस्थाको छाप :

पद :

दस्तखत : मिति :